August 2014

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

Year : 2, Vol. 14

www.eurasiareiyukai.com

सँग सँगै खुशी भई सँग सँगै कृतज्ञ भई अरूको सुखलाई आफ्नो खुशीको रूपमा बनाउने ।

आत्मबल बलियो बनाई कार्यान्वयन गरेमा सद्धर्मपुण्डरीक सूत्रको फुल फुल्छ ।

गुरु को रोकु ज्यू तोकु जेन् न्यो

## "समाजलाई मानवीय भावनाले परिवर्तन गर्दै जाऔं"



मिहाता जिम्मेवार शिबुचो श्री रोशन कृष्ण न्याछ्यौं यूराशिया रेयूकाई ११औं शाखा

हामी सबैजनाले "हिंड मिलियन तुरुन्त कार्यान्वयन" लाई कार्यान्वयन गर्ने महान् मौका प्राप्त गर्दै आईरहेका छौं । संस्थापक अध्यक्षज्यूले मार्गदिर्नेशनमा भन्ने गर्नुहुन्छ, "वर्तमानमा जति सदस्य बनेका छन् ती सबैजना सदस्यहरु नै हिड्ने हो ।" कर्मको सम्बन्ध भएको सम्पूर्ण सदस्यहरुको घरमा सोकाईम्यो विराजमान गर्ने मौका प्राप्त गर्नुपर्छ, सूत्रपाठ गरेको स्वरुप निर्माण गर्नु पर्छ आफू स्वयं नै हिंड्ने हो । अहिलेसम्म बोधिसत्वको भावना जागृत नभएको व्यक्तिमा बोधिसत्वको भावना जागृत गराउने, त्यो नै मिलियन अभियान हो । जसरी भएपनि मिलियन अभियानलाई १ दिन भएपनि छिटो अल्छी नबनी आजको आफू बनी सफल बनाउन सबैमा हार्दिक अपील गर्न चाहन्छु ।

सबैले उत्साह लिने कुरा, अभ्यासलाई मौकाको रुपमा कार्यान्वयन गर्ने कुरा र परिणामलाई देखा पार्ने कुरा हामी सदस्यहरुले विर्सन नहुने कुरा हो । भौतिक विकासले जल, थल र आकाशलाई नै विजय प्राप्त गरेतापनि महाप्रकृति भने झन् झन् बिनास हुँदै आईरहेको छ । अहिलेको अवस्थामा मानवले आँखाले देख्ने सुखमा मात्र सन्तोष हुने नभईकन यो समाजलाई नै मानवीय भावनाले परिवर्तन गर्दै जाने कुरा महत्वपूर्ण हो । मानवीय जीवनयापनलाई नै परिवर्तन नगरेसम्म अहिलेको भयावह परिस्थितिलाई पनि परिवर्तन गर्न सकिंदैन ।

सर्वप्रथम हामी सबैले मानवीय भावनाको विकास एवं परिवर्तन गर्यौं भने हाम्रो समाज अनि देशको पनि विकास हुँदै आउने छ । जलवायु परिवर्तनको कारण बेमौसममा हावाहुरी, भू-क्षय, बाढीपहिरो, भूकम्प आदिको कारण बिनास दिनानुदिन वृद्धि हुँदै आईरहेको छ । यस्तो बिनास नहोस् भनेर हामी सदस्यहरुले मौसमप्रति कामना गर्ने मौका प्राप्त गर्दै आईरहेका छौं ।

सद्धर्मपुण्डरिकसुत्रलाई अभ्यास गर्ने मौका पाई आध्यात्मिक संसार बाट संरक्षण प्राप्त गर्न सक्ने किसिमले कार्यान्वयन गर्ने मौका नपाईकन हुँदैन । आध्यात्मिक संसारको कुरा खाली दिमागी भरमा मात्र बुझ्नसक्ने कुरा नभई यसलाई स्वयं आफैंबाट कार्यान्वयनमा उतार्ने मौका पाई आफूले मिचिविकी गरेका सदस्यहरुमा पनि कार्यान्वयन गर्न लगाई परिणाम देखा पार्दै जाने कुरा महत्वपूर्ण हो ।



यूराशिया रेयूकाई ११औं शाखा मुख्य हल, धोबिधारा

अन्तमा हामी सबैजना एकतावद्ध भई संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशनको छहारीमा बसि बलियो अभ्यास गर्ने मौका पाई सन् २०१४ नोभेम्बर १८ तारिखका दिन हुन गईरहेको महागुरु काकुतारो कुबोज्यूको ७१औं पुण्यतिथि स्मरण समारोह एवं यूराशिया रेयूकाईको भव्यभेला सम्ममा "हिंड मिलियन तुरुन्त कार्यान्वयन" लाई कार्यान्वयन गर्ने मौका पाई परिणाम र प्रतिफललाई देखा पारौं ।

## समाजको लागि योगदान गरौं



रुपाउरा शिबुचो श्रीमती मनिना न्याछ्यौं यूराशिया रेयूकाई ११औं शाखा

यूराशिया रेयूकाईले प्रयास मात्र गर्दैन हरेक कामलाई अभ्यासको रुपमा लिएर कार्यान्वयन गर्ने मौका प्राप्त गर्ने हो भन्ने संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशनलाई ग्रहण गर्ने मौका पाई यूराशिया रेयूकाई हस्तकला केन्द्र सानेपामा मुमा हिरोको मासुनागाज्यूको संरक्षकत्व एवं सक्रियतामा हस्तकला केन्द्रमा प्रशिक्षण एवं तालिम कार्यक्रम संचालन हुँदै आईरहेको छ । तालिम मार्फत सक्षम प्रशिक्षक तयार गरी विभिन्न क्षेत्रमा गएर धेरैभन्दा धेरै महिलाहरुलाई सीप सिकाई स्वावलम्बी एवं आत्मनिर्भर बनाई महिलाहरुले पनि देशलाई परिवर्तन गर्न सक्छ भन्ने कुराप्रति गर्व लिन लगाई आफू बसेको समाज, आफू बसेको देशलाई परिवर्तन गर्दै जाऔं भन्ने हाम्रो अपील हो ।

महिला सदस्यहरुले पनि देशको बारेमा सोचेर देशभक्तिको भावना जगाउन लगाई स्वयं आफैंबाट क्रियाशील भई समाजमा योगदान गर्छु भन्ने भावना लिई तालिम एवं सीप सिकी प्रयास मात्र गर्ने नभई कुनै पनि कार्यलाई अभ्यासको रुपमा कार्यान्वयन गर्ने मौका पाई अझै अझै अभ्यास नपुग छ भन्ने भावना लिई आजैबाट परिवर्तन हुने मौका पाई हस्तकला केन्द्रमा आयोजना हुने विभिन्न सीप एवं तालिममा सहभागी बनी कुशल प्रशिक्षक बनौं ।

## गुरु को रोकु ज्यू तोकु जेन् न्योज्यूको ९औं पुण्यतिथि स्मरण समारोह सम्पन्न



२० जुलाई २०१४ का दिन हाम्रा गुरु को रोकु ज्यू तोकु जेन् न्योज्यूको ९औं पुण्यतिथि स्मरण समारोह यूराशिया रेयूकाईका सम्पूर्ण मिहाता शाखाहरुमा र सम्पूर्ण समाज बिकास केन्द्रहरुमा साथै यूराशिया रेयूकाई म्यानमार र बंगलादेशमा भव्यताका साथ आयोजना गर्ने मौका प्राप्त भयो ।



## खुशीको अनुभव

नाम : सुश्री गृष्मा के.सी.
उपाधी : जुन-होजाशु
ओया : श्रीमती सुजाता बस्नेत
शिवुचो : श्रीमती गौरी गजुरेल
क्षेत्र : किर्तीपुर, काठमाडौं
मिहाता शाखा : यूराशिया रेयूकाइ २५औं शाखा

सबैलाई नमस्कार !

सन् २०११ नोभेम्बर १० तारिखमा, मेरो मिचिबिकी ओया सुजाता बस्नेत मार्फत् रेयूकाइ सदस्यता ग्रहण गर्ने मौका पाएकी हुँ । मेरो शिवुचो श्रीमती गौरी गजुरेलको मार्गनिर्देशन र सहयोग पाएर म अहिले जुन-होजाशुको रुपमा अभ्यास गर्ने महान् मौका पाईरहेकी छु । सधैं सिक्ने भावना, कृतज्ञताको भावना माफीको भावना, आफुमा लागु गरी आफ्नो नराम्रो भावनालाई परिबर्तन गरी आफ्ना सदस्यहरुमा पनि परिबर्तनको दीप जलाउने मौका पाउँदा आफुलाई भाग्यमानी ठानेकी छु। कार्यक्रमहरु र भेलाहरुमा सहभागी भई रेयूकाइ शिक्षालाई झन् नजिकबाट बुझ्ने मौका पाई पुर्खाहरुलाई सम्झेर पुर्खाहरु प्रती कृतज्ञता ब्यक्त गरी स्मरण गर्ने महान् मौका रेयूकाइ शिक्षाको अभ्यासद्वारा प्राप्त भएको छ। अग्रजहरुबाट मैले असल शिक्षा, सिप र सोच पनि ग्रहण गर्ने मौका पाइरहेको छु । आफु युवा भएकीले युवा शक्तिलाई प्रेरित गर्ने खालको तालिम, शिक्षा र समाजका लागि काम लाग्ने देशभक्तिको भावना जागृत हुने कार्य आफु र आफ्नो सदस्यहरुलाई जागृत गराउने कुराहरु भेला तथा मार्गनिर्देशनबाट प्रेरणा पाउँदै आईरहेकीछु । कुनै जात, धर्म, पेशा, गरीव, धनि कसैलाई पनि भेदभाव नगरी एक स्वच्छ समाजको बिकास गर्न यस यूराशिया रेयूकाईको सदस्य भएर अभ्यास गर्ने मौका पाउँदा गौरवान्वित् भईरहेकी छु । हिँड मिलियन अभियानलाई लागु गरेर आफुमा भएको ज्ञान अरुलाई बाँडेर मिचिबिकी गर्ने मौका पाईरहेकी छु ।

यूराशिया रेयूकाइ मेरो गौरवको भावना लिएर रेयूकाइ शिक्षा अभ्यास गर्ने मौका पाई आफ्नो घर, समाज तथा सदस्यहरुमा लागू गर्न लगाई आफू उदाहरणीय युवा बनी, पुर्खास्मरणको शिक्षालाई कार्यान्वयन गरी अभ्यास गर्न पाउँदा मैले निकै खुशी अनुभव गरीरहेकी छु । त्यसैले युवा शक्तिलाई अग्रसर गराउँदै खराब भावनालाई हटाई कमलरुपी स्वच्छ विचार आफु तथा सदस्यहरुमा लिन लगाउने प्रतिज्ञा गर्दछु। धन्यवाद नमस्कार

## पहिरो (Landslide)

विषेश गरेर बर्षा याममा भू-स्खलन भई जमीनको भाग एक स्थानबाट अर्को स्थानमा झरी बग्नाले पहिरो जाने गर्दछ । जमीन फुटेर पानीको मुल फुट्नाले पनि पहिरो जान्छ । पहिरोको बिपद् न्यूनीकरण तथा रोकथामको लागि समयमै ध्यान पुऱ्याउनु आवश्यक छ । पहिरोको कारण बर्षेनी नेपाल तथा भारतका बिभिन्न क्षेत्रहरुमा ठूलो धन जनको क्षती हुदै आएको छ । योजना बद्ध तरिकाले भू तथा जलको संरक्षण र वृक्षारोपण गर्न सकिएमा बाढी पहिरोबाट हुने क्षतिलाई कम गर्न सकिन्छ ।

### पहिरोका पूर्व संकेतहरु

१ जमिन अचानक फुटेर पानीको मुल फुट्नु ।
२ जमिनको कुनै भाग आफ्नो स्थान छोडी झर्नु, खस्नु, वा बग्नु ।
३ जमिन चिरा परी फाट्नु आदि ।

### पहिरो जादा के गर्ने ?

१ पहिरोको संकेत देख्ने बित्तिकै सुरक्षित स्थानमा लाग्ने ।
२ जीवन रक्षा तथा बिपद्मा परेका ब्यक्तिहरुलाई बचाउन आबश्यक ब्यवस्था गर्ने ।
३ प्राथमिक उपचार खोज उद्धार टोलीलाई खबर गर्ने ।
४ पहिरोले पुरिएको देखेमा वा आशंका भएमा तुरुन्तै उद्धारका लागि पहल गर्ने ।
५ स्थानिय स्रोत र साधनहरुको परिचालन गर्ने आदि ।

## शिबुचो अभ्यास कार्यक्रम सम्पन्न



२९ जुन २०१४ आईतवार, यूराशिया रेयूकाईको आयोजनामा भारत देशका शिबुचोहरुको अभ्यास कार्यक्रम यूराशिया रेयूकाई प्रधान कार्यालय सिलिगुढीमा यूराशिया रेयूकाइ मिहाता विराजमान गर्ने मौका पाई सम्पन्न भयो। शिबुचो अभ्यास कार्यक्रममा यूराशिया रेयूकाइ संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यू र मुमा श्रीमती हिरोको मासुनागाज्यूबाट मार्गनिर्देशन प्रदान गर्नुभएको थियो ।

## ब्लुलोटस अभ्यास कार्यक्रम सम्पन्न




२८ जुन २०१४ शनिवार, सिलिगुढी, भारतमा र १३ जुलाई २०१४ आईतवार सानेपा, ललितपुर, नेपालमा ब्लुलोटसहरुको अभ्यास कार्यक्रम सम्पन्न भयो । उक्त अभ्यास कार्यक्रममा यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यू र मुमा श्रीमती हिरोको मासुनागाज्यूबाट मार्गनिर्देशन प्रदान गर्नु भएको थियो ।

## क्रिष्टलको झोला बनाउने तालिम सम्पन्न



७ जुलाई २०१४ का दिन यूराशिया रेयूकाइ हस्तकला केन्द्र सानेपाद्धारा आयोजित क्रिष्टलको झोला बनाउने तालिम सम्पन्न भयो । मुमा श्रीमती हिरोको मासुनागाज्यूको समुपस्थितीमा सम्पूर्ण मिहाता शाखा बाट २/२ जना गरी २० जना सहभागीहरुलाई प्रशिक्षक सुश्री सानु कुमारी थापाबाट प्रशिक्षण दिनु भएको थियो ।

### पहिरोको रोकथामका लागि के गर्ने ?

१ पहिरो तथा भू-क्षय रोक्न वृक्षारोपण गर्ने ।
२ पहिरो आउन सक्ने क्षेत्रको पहिचान गर्ने ।
३ पहिरो प्रभावितहरुको उद्धार तथा राहत कार्यको लागि आवश्यक सामाग्रीहरुको भण्डार गर्ने ।
४ उद्धारकर्मिहरुको सूची संकलन गर्ने आदि ।